कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष ३, अङ्क ४, २०७२ कात्तिक Year 3, Issue 4, November 2015

# राजस्व संकलन १२ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ असोज मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव १२ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ असोज महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ३३ अर्व ६५ लाख १६ हजार रहेकोमा रु. ३० अर्व ७

Sector wise Revenue Collection (upto 2072 Ashoj)

| Sector | Last year collection (RS bn) | Target (Rs bn) | Collection (Rs. bn) | Achievement (%) | Growth Rate (%) |
|---|---|---|---|---|---|
| Income Tax | 8.326 | 10.242 | 9.992 | 98 | 120 |
| Rental Income Tax | 0.589 | 0.624 | 0.723 | 116 | 123 |
| Interest Income Tax | 1.503 | 2.010 | 1.697 | 84 | 113 |
| Total Income Tax | 10.420 | 12.876 | 12.413 | 96 | 119 |
| VAT (domestic) | 9.427 | 11.660 | 11.857 | 102 | 126 |
| Excise (domestic) | 6.621 | 8.072 | 5.489 | 68 | 83 |
| Education Service Fee | 0.108 | 0.151 | 0.130 | 86 | 121 |
| Health Service Tax | 0.167 | 0.244 | 0.186 | 76 | 112 |
| Grand Total | 26.744 | 33.006 | 30.078 | 91 | 112 |

करोड ८४ लाख २४ हजार संकलन भई लक्ष्यको तुलनामा ९१ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १२ अर्व ४१ करोड ३२ लाख ८४ हजार, मूल्य अभिवृद्धि करबाँकी १५ पेजमा....

# चौथो राष्ट्रिय कर दिवस भव्य रूपले मनाइदै




चौथो राष्ट्रिय कर दिवसको अवसरमा आयोजित अन्तर कार्यालय हाजिरी जवाफ प्रतियोगिताको अवसरमा पहिलो प्रश्न गरी उद्घाटन गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा (समाचार पृष्ठ ५ मा)

काठमाडौं । नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६९।०७।०२ को "हरेक वर्ष मंसिर १ गतेलाई राष्ट्रिय कर दिवस (National Tax Day)को रुपमा मनाउने, राष्ट्रिय कर दिवसका अवसरमा कर सहभागिता एवं राजस्व संकलनमा उल्लेखनीय योगदान पुऱ्याउने करदाता एवं राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने ।" निर्णयानुसार यस वर्ष पनि सोही दिन चौथो राष्ट्रिय कर दिवस भव्य रुपमा सम्पन्न गर्न विभिन्न समितिहरु गठन गरिएको छ ।

चौथो राष्ट्रिय कर दिवस, २०७२ को सफल आयोजनाका लागि व्यवस्थापन उप समितिलाई राष्ट्रिय कर दिवस अंकित टोपी तथा व्याच जस्ता प्रचारात्मक सामाग्री तयार गर्ने, कदरपत्र तथा सम्मान पत्र तयार गर्नेलगायतको जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसैगरी प्रचार प्रसार उप समितिका कार्यहरुमा राष्ट्रिय कर दिवसका बारेमा व्यापक प्रचार प्रसार गर्ने, राष्ट्रिय कर दिवस सम्वन्धी विशेषांक राष्ट्रियस्तरका पत्र पत्रिकामा प्रकाशन गर्ने, रेडियो टेलिभिजनमा कर सम्बन्धी विषयमा परिसंवाद कार्यक्रम संचालन गर्ने, राष्ट्रिय कर दिवसका अवसरमा सम्माननीय प्रधान मन्त्री, माननीय अर्थ मन्त्री, श्रीमान् अर्थ सचिव, श्रीमान् राजस्व सचिव र श्रीमान् महानिर्देशकज्यूको संदेश प्रकाशन तथा प्रशारण गर्ने, राष्ट्रिय कर दिवस भव्यताका साथ सम्पन्न गर्न सरोकारवालाहरुसंग छलफल गर्ने लगायतको जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसैगरी करदाता छनौट उप समितिले राष्ट्रिय कर दिवसका अवसरमा सम्मान गर्नुपर्ने करदाताको छनौट गरी सिफारिश गर्न जिम्मेवारी प्रदान गरिएको छ । त्यस्तै, समारोह प्रवन्ध उप समितिलाई राष्ट्रिय बाँकी ६ पेजमा....

## ऑखीझ्याल

सुधारको यात्रामा कर प्रशासन — पृष्ठ ३

कर दिवसको अवसरमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न — पृष्ठ ५

निवन्ध प्रतियोगिता सम्पन्न — पृष्ठ १०

# महानिर्देशकको सन्देश



**नेपालमा मूल्य अभिवृद्धि करलाई समग्र कर प्रणालीको सुदृढीकरण एवं राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने नीति अनूरुप मूल्य अभिवृद्धि करको योगदानलाई महत्व दिई प्रत्येक वर्ष मूल्य अभिवृद्धि कर लागू भएको दिन मंसिर १ लाई "राष्ट्रिय कर दिवस"को रुपमा मनाउने नेपाल सरकारको निर्णयानुसार मिति २०६९ मंसिर १ बाट नियमित रुपमा राष्ट्रिय कर दिवस मनाउदै आइएको व्यहोरा निवेदन गर्न चाहन्छु ।**

नेपालमा कर प्रणाली शुरु भएको सांढे पाँच दशक व्यतित भैसकेको छ। यो सांढे पाँच दशकको अवधिमा मुलुकको आन्तरिक राजस्व परिचालनको यात्रामा धेरै आरोह अवरोह पार गर्दै आधुनिक कर प्रशासन संचालनको गन्तव्यमा छ। ठेक्का पट्टाबाट शुरु भएको नेपालको कर प्रशासन विभिन्न आर्थिक ऐन हुदै वि.स. २०५८ सालमा नयाँ आयकर ऐन लागू भए पश्चात् स्वंय कर निर्धारण प्रणालीको शुरुवात भई आधुनिक कर प्रणालीको पूर्वाधारलाई अंगिकार गरिएको छ।

आधुनिक कर प्रणालीमा No taxation without representation को अवधारणा धेरै पहिले नै विकास भएको पाइए तापनि नेपालमा २००७ साल पछि मात्र आधुनिक कर प्रणालीको शुरुवात भएको पाइन्छ। यस पश्चात् पनि आन्तरिक राजस्व प्रशासनको लागि समसामयिक सुधारहरु गरिँदै आइएको छ। यस क्रममा कहिले नयाँ संगठनहरुको निर्माण, कहिले खारेजी अनि कहिले एक आपसमा संगठनहरु समेत गाभिए। वि.स.२०१५ सालमा पहिलो पटक अन्तःशुल्क ऐन जारी गरी कार्यान्वयनमा ल्याइयो भने २०१६ सालमा व्यापारमा हुने मुनाफा तथा पारिश्रमिक आयमा आयकर लगाउने व्यवस्थाको शुरुवात गरियो जसको दर बढीमा २५ प्रतिशत रहेको थियो। पहिलो पटक लागू गरिएको मुनाफा तथा पारिश्रमिकमा लगाउने कर छुट्टै ऐनद्वारा नभई आर्थिक ऐनको अधिकार अन्तर्गत लगाइएकोमा २०१७ सालमा व्यापार मुनाफा र पारिश्रमिकको ऐन, २०१७ जारी गरिएको थियो।

वि.सं. २०१९ सालमा पहिलो पटक कर विभागको स्थापना गरियो भने सोही साल आयकर ऐन, २०१९, अन्तःशुल्क नियमावली, २०१९ समेत जारी गरिएको थियो। वि.सं.२०१६ सालमा जारी गरिएको अध्यादेशले संकुचित करको अवधारणा शुरु गरेकोमा वि.सं. २०१९ को आयकरले करको दायरा विस्तार गर्दै कृषि, व्यापार, मुनाफा, पारिश्रमिक, घरजग्गा, घरजग्गा बहाल, लगानी, विमाका साथै अन्य श्रोतहरुलाई पनि करको दायरामा ल्यायो। यसले करदाताको लागि विशेष व्यवस्था जस्तै छुट पाउने खर्च, किस्तामा कर बुझाउन पाउने व्यवस्था, गणितीय भूल सुधार गर्न पाउने व्यवस्था गऱ्यो। आयकर प्रशासनलाई आधुनिकीकरण गर्दै छरिएर रहेका कानूनहरुलाई एकीकृत गरी २०३१ मा नयां आयकर ऐन लागू गरियो। उक्त ऐनलाई २०४९ मा संशोधन गरी नेपालमा पहिलो पटक स्वयंकर निर्धारणको व्यवस्थालाई आत्मसात गरियो। जसको फलस्वरुप आधुनिक कर प्रणाली अवलम्वन गर्ने नेपाल दक्षिण एशियामा पहिलो राष्ट्र बन्यो। कर कानून सुधारको प्रयास यत्तिकैमा सीमित रहेन। कर अधिकृतलाई दिइएको असीमित तजविजी अधिकार, करदाताहरुबीच असमान व्यवहार, अत्यधिक कर छुटको व्यवस्था, सीमित कराधार, कर निर्धारण तथा व्यवस्थापनमा प्रकृयागत जटिलताका कारण यो ऐनलाई प्रतिस्थापन गरी अन्तर्राष्ट्रिय स्तरमा रहेका आयकर कानूनका प्रावधानहरुलाई समेत थप समायोजन गर्दै स्वयं कर निर्धारण पद्दतिलाई आत्मसात गरी २०५८ सालमा आयकर ऐन, २०५८ कार्यान्वयनमा ल्याइयो। यसले एउटा असल कर प्रणालीका आधारभूत मान्यताहरु जस्तै सरलता, तटस्थता, समता, स्वच्छता, निश्चितता र पारदर्शितालाई अंगाल्दै करको अन्तर (Tax Gap) लाई घटाई कर संकलनमा दक्षता अभिवृद्धि गरेको छ।

आधुनिक एवं वैज्ञानिक कर प्रणालीको आधारस्तम्भको रुपमा बिक्री कर, ठेक्का कर, मनोरञ्जन कर र होटल करलाई विस्थापित गर्दै २०५४ मंसिर १ देखि मूल्य अभिवृद्धि कर लागू गरिएको छ। त्यसैगरी पुरानो अन्तःशुल्क ऐनलाई खारेज गरी २०५८ सालमा नयां ऐन जारी गरियो। यसै आर्थिक वर्षदेखि चुरोट तथा सुर्ती उद्योगमा साविकदेखि लागू हुँदै आएको भौतिक नियन्त्रण प्रणालीलाई हटाइएको छ। शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा करको समेत प्रशासन गर्ने जिम्मेवारी समेत आन्तरिक राजस्व विभागलाई प्रदान गरे अनुसार यी करहरुको प्रशासनको लागि ठूला करदाता कार्यालय १ आन्तरिक राजस्व कार्यालय २२ र करदाता सेवाकार्यालय २६ गरी ३० जिल्लामा जम्मा ४९ कार्यालयहरु स्थापना गरिएको छ भने आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयको उपस्थिति नरहेका जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कर तथा विवरण बुझ्ने कार्य हुँदै आएको छ।

नेपालमा मूल्य अभिवृद्धि करलाई समग्र कर प्रणालीको सुदृढीकरण एवं राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने नीति अनूरुप मूल्य अभिवृद्धि करको योगदानलाई महत्व दिई प्रत्येक वर्ष मूल्य अभिवृद्धि कर लागू भएको दिन मंसिर १ लाई "राष्ट्रिय कर दिवस"को रुपमा मनाउने नेपाल सरकारको निर्णयानुसार मिति २०६९ मंसिर १ बाट नियमित रुपमा राष्ट्रिय कर दिवस मनाउदै आइएको व्यहोरा निवेदन गर्न चाहन्छु।

हाल मुलुकमा आफ्ना लागि आफैले संविधान सभाद्वारा निर्मित संघीय लोकतान्त्रिक नयां संविधान जारी भै सकेको सन्दर्भमा कायम भएका संघीय, प्रान्तीय तथा स्थानीय संरचनाहरुको निर्माणका साथै संविधानद्धारा प्रत्याभूत गरिएका नागरिकका अधिकारहरुको सुनिश्चितता र आर्थिक सम्मृद्धिका लागि अझ बढी स्रोत साधनको आवश्यकता सिर्जना भएको छ। यस्तो अवस्थामा आन्तरिक राजस्व परिचालनको महत्वपूर्ण स्थान रहने भएकोले विभाग अहिले स्वेच्छिक कर सहभागितामा आधारित कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित राजस्व लक्ष निर्धारण, सूचना तथा तथ्यमा आधारित अनुसन्धान, जोखिममा आधारित कर परीक्षण, प्रमाणमा आधारित चुहावट नियन्त्रण, न्यायिक मूल्यमा आधारित निर्णय प्रकृया जस्ता मूल्य, मान्यता, आदर्श एवं व्यवहारका आधारमा कार्य सम्पादन गर्दै आएको छ।

यिनै परिवेशमा रहेर '**समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधारः करदातामैत्री एवं सुद्ढ कर प्रणाली पूर्वाधार**' भन्ने मूल नाराका साथ हामीले चौथो राष्ट्रिय कर दिवस मनाउन गईरहेका छौं। यस अवसरमा निजी क्षेत्र, व्यवसायिक तथा पेशागत संघ संगठन, नागरिक समाज एवं आम करदाताहरुमा संस्थागत सुशासन तथा व्यवसायिक नैतिकताको प्रवर्द्धनमा जोड दिन आव्हान गर्दै सक्षम कर प्रणाली सुदृढीकरणको लागि आवश्यक पर्ने सहयोग र समन्वयका लागि कर प्रशासनसंग सहकार्य गर्न अनुरोध गर्दछु। साथै सम्पूर्ण कर परिवारका सदस्यहरुमा करदातामैत्री व्यवहार र सदाचारितापूर्ण कार्य सम्पादन गरी स्वेच्छिक कर सहभागिताको माध्यमबाट करको आधार र दायरा बढाउन थप मद्धत पुग्नेछ भन्नेमा म विश्वस्त छु। अन्त्यमा, चौथो राष्ट्रिय कर दिवसको यस पावन अवसरमा म सम्पूर्ण करदाताहरु, कर प्रशासनमा संलग्न सहकर्मी साथीहरु लगायत सवैलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु।

**चुडामणि शर्मा**
**महानिर्देशक**

**मंसिर, २०७२**



व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं।

# सुधारको यात्रामा कर प्रशासन

कुनै व्यक्ति, फर्म, संस्था वा निकायले कानून बमोजिम सरकारलाई अनिवार्य रुपमा गर्नुपर्ने दायित्व विहीन भुक्तानी नै कर हो । यो करदाताले प्रत्यक्ष लाभको आशा नगरीकनै सरकारलाई तिर्नुपर्ने तिरो हो । यो राज्यको आम्दानीको मूल साधन हो भने व्यक्ति तथा व्यवसायको खर्च हो । राज्य संचालन, सुशासन एवं सार्वजनिक हितका लागि राज्यले कर संकलन गर्ने गर्दछ । राज्यले प्रदान गर्ने सेवा सुविधाको असमान वितरण, प्रत्यक्ष लाभको कमी, संकलित राजस्वको सदुपयोग भएको अनुभुति नहुनु वा दुरुपयोग हुनु, नागरिकहरुको राज्यप्रतिको दायित्वबोधको कमी, कर सहभागिता लागत बढी हुनु, कर तिर्ने र नतिर्ने बीच विभेद नरहनु आदिका कारण व्यक्तिले कर तिर्न नचाहने वा थोरै कर तिर्ने प्रवृत्ति रहेको हुन्छ । अर्थात् जहां कर लगाइन्छ त्यहां सम्भावित कर र संकलित कर बीच खाडल रहेको हुन्छ । उक्त खाडलको मात्रा देश पिच्छे फरक हुन्छ जुन प्रत्येक देशको कर प्रणालीका अन्तरनिहित तत्वहरुको अवस्थामा भर पर्दछ । संकलन हुन सक्ने सम्भावित कर र हाल संकलन भैरहेको करको बीचमा रहेको खाडललाई न्यूनीकरण गर्न कर प्रशासन केन्द्रीत रहेको हुन्छ । उक्त खाडल जति कम गर्न सक्यो उति कर प्रशासन सफल र प्रभावकारी ठानिन्छ ।

नेपालमा कर प्रणालीको शुरुवाती दिनमा सनद, सवाल, शासकीय आदेश जस्ता मनोगत तरिकाहरुको प्रचलन रहेकोमा आजका दिनसम्म आईपुग्दा धेरै आरोह अवरोहका बीच आधुनिक र करदातामैत्री तौर तरिकाहरु अवलम्बन गर्दै छलाङ्ग मारिसकेको छ । आज हाम्रा सामु स्वयं कर निर्धारण प्रणालीमा आधारित कर कानूनहरु रहेका छन् जसले करदाता मैत्री कर प्रशासनको स्थापना गर्ने र कर प्रशासनको स्वेच्छाचारितालाई अन्त्य गर्न खोजेको छ । व्यावसायिक र Cadre Based कर प्रशासन संचालनका लागि छुट्टै समूहको विकास गरिएको छ । कराधारको विस्तार तथा करको दर कम गर्दै लगिएकोछ । आयकर, मूल्य अभिवृद्धि कर र अन्तशुल्क सम्बन्धी कार्य एकिकृत ढंगले सम्पादन गर्न आन्तरिक राजस्व विभागको गठन गरिएको छ । कर सम्बन्धी गतिविधिलाई विकेन्द्रीत ढंगले सम्पादन गर्न र कर प्रशासनको सेवालाई जनताको घरदैलोमा पुऱ्याउने एवं



आनन्द काफ्ले
शाखा अधिकृत
आन्तरिक राजस्व विभाग

## सन्दर्भः चौथो राष्ट्रिय कर दिवस

करमा ठुलो योगदान पुऱ्याउनेलाई विशेष हेरचाह गर्न यस विभाग अन्तरगत कार्यात्मक ढांचा सहितका २२ वटा आन्तरिक राजस्व कार्यालय, २६ वटा करदाता सेवा कार्यालय र १ ठूला करदाता कार्यालयको स्थापना गरी मजबुत संगठनात्मक संयन्त्र निर्माण गरिएको छ । काम काम कारवाहीमा एकरुपता र सरलीकृत गर्न कर सम्बन्धी विभिन्न निर्देशिका जारी गरिएका छन् । करदाताले घरमै बसी बसी इन्टरनेटको माध्यमबाट आफ्नो कर विवरण, आय विवरण दाखिला गर्न सक्दछन्, करदाताका सबै सूचना कम्प्युटरकृत हुँदै गइरहेका छन्, जुनसुकै शाखा र बैंकबाट कर भुक्तानी गर्न सक्ने गरी प्रणालीको विकास गर्ने मात्र नभई अनलाइन भुक्तानी गर्ने प्रणाली स्थापना गर्ने तर्फ कर प्रशासन अग्रसर रहेकोछ । उत्कृष्ट सेवा प्रवाहका लागि लक्ष्य तोक्ने र प्रतिफल मापन गर्ने र सो बमोजिम कर्मचारीलाई प्रोत्साहन भत्ता दिने प्रणाली अवलम्बन गरिएकोछ । स्वयंकर निर्धारण प्रणालीमा आधारित कर प्रशासनलाई व्यवसायिक एवं समयानुकूल बनाउने दुई तरिकाहरुः जस्तै करदाता शिक्षा सहितको करदाता मैत्री सेवा प्रवाह गर्ने र कर कानूनको कडाइका साथ कार्यान्वयन एवं परिपालना गराउन अनुसन्धान एवं कर परीक्षणका विधि अवलम्बन गर्दै आइरहेको छ । चौथो राष्ट्रिय कर दिवस पनि यसै करदाता शिक्षाको एउटा श्रृंखला हो । करदाता शिक्षा कार्यक्रम करको दायरा विस्तार तथा कर परिपालनामा सकारात्मक योगदान पुऱ्याउनुका साथै कर प्रणालीको चुनौतीको रुपमा रहेका अनौपचारिक अर्थतन्त्रलाई कर प्रणालीमा समाहित गराउन समेत सहयोगी हुने देखिन्छ ।

यिनै कर प्रशासनमा व्यक्त चुनौतिहरुको सामना गर्नका लागि विभागले नियमित रुपमा विभिन्न सुधारका कार्यहरु गर्दै आएता पनि सो को प्रभावकारिता त्यसबाट सरोकारवालाले गरेको सकारात्मक अनुभूतिमा निर्भर रहन्छ । त्यो नै सुधारको मापन पनि हो । अझै पनि करदाताको कर प्रशासन प्रति गुनासो व्याप्त छ । स्वेच्छिक कर सहभागिता गर्ने र कर नतिर्ने वा कम तिर्ने व्यक्तिबीच समन्याय हुन नसकेको, कानूनी अस्पष्टता र स्वेच्छाचारी व्याख्या अझै व्याप्त रहेको, कर निर्धारण प्रक्रिया झण्झटिलो र वैज्ञानिक नभएको, करदाता शिक्षाका कार्यक्रमहरु माग केन्द्रीत नभै आपूर्ति केन्द्रीत रहेका, कर सहभागिता लागत उच्च रहेको, करदातामैत्री प्रशासन भनेपनि सेवा प्रवाहमा सो अनुरुपको आचरण, व्यवहार र उत्कृष्टता प्रदर्शन हुन नसकेको जस्ता आरोप लाग्ने गरेकोछ । उक्त गुनासा, समस्या र कमजोरी केवल कर प्रशासनका कारणमात्र सृजना भएका भने होइनन् । जिम्मेवारीका हिसाबले आन्तरिक राजस्व विभागको मात्रा ठुलो होला तर कर प्रणालीका अन्य तत्वहरु पनि यसमा उत्तिकै जिम्मेवार छन् ।

यिनै परिवेशमा रहेर विश्लेषण गर्ने हो भने अझै पनि आन्तरिक राजस्व विभागको सामु थुप्रै चुनौतीहरु रहेका छन् । नेपालको अनौपचारिक अर्थतन्त्र ४० प्रतिशतको हाराहारीमा रहेको अध्ययनले देखाएको छ । करको दायरा भन्दा बाहिर रहेको त्यो अर्थतन्त्रलाई करको दायरामा समाहित गर्नुपर्ने छ । तीन करोडको हाराहारीमा रहेका जनसंख्या मध्ये करिव ४.५ प्रतिशत जनसंख्यामात्र करमा दर्ता भई करमा सहभागिता जनाएको अवस्था छ जुन विकसित राष्ट्रहरुको तुलनामा अत्यन्त न्यून रहेको छ । आयकर

तर्फ विवरण नबुझाउने संख्या ४० प्रतिशत र मूल्य अभिवृद्धि कर तर्फ २४.२ प्रतिशत रहेको छ । करदाता र कर प्रशासनबीच विश्वासको संकट रहेको छ । नियमित कर बुझाइरहेको व्यक्तिले विश्वासको अनुभूति गर्न सकेको छैन भने कर छली पत्ता लगाई प्रदर्शनात्मक प्रभाव पार्ने गरी अनुसन्धानका कार्य नियमिति रुपमा हुन नसक्दा कर छली गरिरहेको व्यक्तिलाई डर पार्न सकिएको छैन । स्मरण रहोस आर्थिक वर्ष २०६७६८मा आन्तरिक राजस्व विभाग र सो को तत्कालीन नेतृत्वले लिएको प्रतिबद्धताका कारण नक्कली एवं झुठ्ठा विल विजकको अनुसन्धान र त्यसबाट परेको प्रदर्शनात्मक प्रभाव भने अत्यन्त प्रभावकारी रहेको थियो । यसले गर्दा स्वेच्छिक कर सहभागिता गर्ने व्यक्तिलाई समन्याय र समव्यवहारको अनुभूति दिलाउन नसकिएको अवस्था विद्यमान रहेको छ । कर प्रशासनलाई सूचना प्रविधिको प्रयोगको सन्दर्भमा आज हामीले नेपालको सार्वजनिक संस्थाहरु मध्ये आदर्श निकायको रुपमा प्रस्तुत गरिरहंदा हाल प्रयोगमा रहेको सूचना प्रविधिको विकासलाई अझ बढी भरपर्दो र विश्वसनीय कायम गर्दै दिगो बनाउन थप जोड दिनुपर्ने अवस्था रहेको छ । अर्कोतर्फ करको लचकता अत्यन्त न्यून रहेको छ । केही सिमित करदाताको कारोबारमा आउने उतार चढावले समग्र राजस्वमा उतार चढाव आउने अवस्था विद्यमान छ । अरुले महशुस गर्ने गरी कर प्रशासनमा कार्यरत कर्मचारीको नैतिकता, इमान्दारिताको प्रवर्द्धन गर्दै व्यवसायिक कर्मचारी संयन्त्र स्थापना गर्नुपर्ने, कर सहभागिता लागत तथा प्रशासनिक लागत कम गर्नुपर्ने र निजी क्षेत्र, नागरिक समाज लगायत अन्य क्षेत्रसंग सहकार्य गर्दै अघि बढ्नुपर्ने चुनौतीहरु हाम्रा सामु रहेका छन् । यिनै चुनौतीहरुलाई सामना गर्दै कर प्रणाली सुदृढीकरणका लागि "स्वेच्छिक कर सहभागितामा अभिबृद्धिः शासन, विकास, सेवा प्रवाह र अर्थतन्त्रको समृद्धि " भन्ने भावनालाई व्यवहारमा उतार्न अझै धेरै कसरत गर्नुपर्ने देखिन्छ । जसका लागि समग्र कर प्रशासनले देहाय अनुसारका नतिजा हासिल गर्ने दिशामा आगमी दिनमा रणनीतिक रुपमा अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ :

- ✓ स्वेच्छिक कर सहभागितामा आधारित कर प्रणाली,
- ✓ अनुसन्धानमा आधारित नीति सुधार,
- ✓ आवश्यकतामा आधारित करदाता शिक्षा,
- ✓ सूचना प्रविधिमा आधारित करदाता सेवा,
- ✓ वैज्ञानिक कर प्रक्षेपण प्रणाली,
- ✓ सूचकमा आधारित जोखिम व्यवस्थापन र कर परीक्षण,
- ✓ सूचनामा आधारित दबाबमूलक कार्यक्रम,
- ✓ तथ्यमा आधारित कर अनुसन्धान,
- ✓ करदातामैत्री र विशेषज्ञतामा आधारित कर प्रशासन,
- ✓ निश्पक्षतामा आधारित प्रशासकीय पुनरावलोकन प्रणाली

आन्तरिक राजस्व विभाग करारोपणका यी दृष्टिकोण सहित अघि बढ्न कटिबद्ध रहेको छ भन्ने कुरा विभागले हाल अख्तियार गरेको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरुले पुष्टी गर्दछन् ।

विभागको चालु आर्थिक वर्ष २०७२।०७३ को स्वीकृत वार्षिक व्यावसायिक कार्ययोजना एवं व्यवस्थापन गोष्ठीबाट प्रतिबद्धताको रुपमा जारी भएको घोषणापत्र हेर्ने हो भने विभाग र अन्तरगत कार्यालयहरुको सुधारको आकांक्षा उत्साहप्रद देखिन्छ । उक्त व्यावसायिक कार्ययोजना एवं व्यवस्थापन गोष्ठीबाट प्रतिबद्धताको रुपमा जारी भएको घोषणापत्रमा कर प्रणाली सुधारका सम्बन्धमा गरिएका प्रतिवद्धता तथा कार्यक्रमहरुको संक्षेप देहाय अनुसार रहेको छ ।

- ✓ विगतमा जारी गरेका आयकर निर्देशिका, मूल्य अभिबृद्धि कर निर्देशिका, अन्तशुल्क निर्देशिका, कम्प्युटर विलिङ कार्यविधि, मालवस्तुको आन्तरिक ओसारपसार निर्देशिका, एकीकृत कर परीक्षण दिग्दर्शन तथा Frequently Asked Question (FAQ पद्दतिलाई परिमार्जन एवं परिस्कृत बनाइने,
- ✓ पूँजिगत लाभकर निर्देशका, आकस्मिक कर कट्टी निर्देशिका, दीर्घकालीन करार निर्देशिका तथा मूल्य हस्तान्तरण निर्देशिका (Transfer Pricing Guidelines) तयार गरी कार्यान्वयनमा ल्याइने,
- ✓ करदाताको विवरण अद्यावधिक गर्न Know your Tax Payer कार्यक्रम संचालन गर्ने,
- ✓ Call Centre सुदृढीकरण गर्ने तथा निजी क्षेत्रसंगको सहकार्यमा करदाता प्रशिक्षण कार्यक्रम संचालन गर्ने, करदाता शिक्षा प्रदान गर्ने कार्यमा Toolkit लाई अझ बढी उपयोगी बनाउने,
- ✓ Electronic Cash Register तोकिएको करदाताहरुमा लागु गर्ने,
- ✓ स्थायी लेखा नम्वर प्राप्ति तथा मू.अ.कर दर्ताको लागि भर्ने दर्खास्त फारामको नयां ढांचा कार्यान्वयनमा ल्याउने,
- ✓ करदाता शिक्षा एवं संचारलाई प्रभावकारी बनाई मू.अ.कर तर्फ त्यलर्ँथीभिच को सीमा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १, २ र ३ को हकमा एक प्रतिशतभन्दा तल र अन्य कार्यालयको हकमा १५ प्रतिशतभन्दा तल कायम गर्ने
- ✓ कर परीक्षणका लागि जोखिम तत्व, छनौट प्रकृया, जनशक्तिको क्षमता विकास, परिसूचक लगायतका विषयलाई समावेश गरी नयां कर परीक्षण रणनीति तय गर्ने,
- ✓ करदाताको कारोबारको प्रकृति, क्षेत्र तथा आकारको आधारमा वर्गीकरण तथा राजस्व जोखिमको पहिचान गरी त्यस्ता करदाताको अनुसन्धानात्मक कर परीक्षण चालु वर्षको कर परीक्षण कार्यमा जोड दिने,
- ✓ अन्तशुल्क जोखिम न्यूनीकरण गर्न क्षेत्रगत जोखिम विश्लेषण गरी अनुसन्धान गर्ने,
- ✓ चालु आर्थिक वर्ष का लागि जिम्मेवारी सरेको वक्यौता मध्ये कम्तीमा ६० प्रतिशत बक्यौता फछ्र्यौट गर्ने,
- ✓ आन्तरिक राजस्व कार्यालयहरुले कुल बेरुजु अंकको ८० प्रतिशत फछ्र्यौट गरिने,
- ✓ सूचना प्रविधि तर्फ कम्प्युटर प्रणालीका सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्ने र कर सम्बन्धी सूचनाहरुको संरक्षण गर्ने उद्देश्यले (Disaster Recovery Center) संचालनमा ल्याउने,
- ✓ विद्युतीय भुक्तानी (e-payment) मार्फत् समेत राजस्व दाखिला गर्न सक्ने व्यवस्थाका लागि आवश्यक पूर्वाधर तयार गर्ने कार्यलाई निरन्तरता दिने,
- ✓ आय विवरण बुझाउने सम्बन्धी सन्देश e-mail बाट जानकारी दिने व्यवस्था शुरु गर्ने,
- ✓ आय विवरणको म्याद थप सम्बन्धी कार्य Online बाट समेत जारी गर्ने कार्य प्रणालीको थालनी गरिने, कर प्रशासनका सूचनाहरु प्रवाहका लागि Tax Application तयार गरी कार्यान्वयनमा ल्याउने,
- ✓ शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर र घर बहाल करलाई सूचना प्रविधिमा आबद्ध गर्ने, Non Filler, बक्यौता र कर सम्बन्धी जानकारी SMS प्रणालीबाट करदातालाई

दिने प्रणाली शुरु गरिने

माथि उल्लेख गरे अनुसारका विषयहरुको कार्यान्वयन गरी अपेक्षित लक्ष्य हासिल गर्न सकिएमा समग्र कर प्रशासनको समयानुकूल सुधार हुने निश्चित छ । छ जुन आफैंमा ठूलो फड्को पनि हो । यसको अलावा लगानी मैत्री वातावरणको लागि दोहोरो कर मुक्ति सम्झौता गर्ने कार्यलाई निरन्तरता एवं विगतका भएका सम्झौताबाट करमा परेको प्रभाव सम्बन्धमा अध्ययन गरी सम्झौता पुनरावलोकन गर्ने कार्यक्रम पनि समावेश गरिएको छ। उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सुझावलाई क्रमश: कार्यान्वयन गर्दै लैजाने, कर पुनरावलोकन, प्रशासकीय पुनरावलोकनलाई प्रभावकारी बनाउने, जनशक्तिको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रमलाई व्यापक रुपमा संचालन गर्ने एवं विभागको अनुगमन एवं मूल्यांकन प्रणालीलाई सुदृढ तुल्याउने क्रियाकलापहरु विभागको वार्षिक व्यावसायिक कार्ययोजना एवं घोषणापत्रमा उल्लेख भएका छन्। विभाग र मातहतका कार्यालय प्रमुख बीच निर्दिष्ट कार्यगत लक्ष्य हासिल गर्न कार्यसम्पादन सम्झौता गर्ने महत्वपूर्ण बुंदा पनि यसमा समेटिएको छ । यी सम्पूर्ण कार्यहरु गर्नको लागि सूचक एवं समय सीमा समेत तोकिएको छ ।

विभाग र अन्तरगत कार्यालयहरुले उक्त वार्षिक कार्ययोजना एवं व्यवस्थापन गोष्ठीका प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन सके कर प्रशासनका व्यवस्था मात्र राम्रा नभई अवस्था पनि राम्रो हुनेछ। उल्लेखित विषयवस्तु सुन्दा जति राम्रा छन्, कार्यान्वयन त्यति सहज भने छैन। यसको लागि दृढ प्रतिवद्धता एवं कटिबद्धताको आवश्यकता पर्दछ। आफैंले गरेका प्रतिवद्धतालाई कुन तहसम्म कार्यान्वयनमा ल्याउने छन् त्यो विभाग र अन्तरगत कार्यालयहरुका आगामी दिनका गतिविधिबाट प्रष्ट हुनेछ ।

भर्खरै हामीले आफैंले बनाएको संविधान हात पारेका छौं । हामी यस संविधान मार्फत् नयां अभ्यासहरु कार्यान्वयनमा ल्याउदै छौं । ती अभ्यासहरुको कार्यान्वयनका लागि परिवर्तन देखिएन भने त्यसैले सर्वसाधारणमा निराशा ल्याउने सम्भावना पनि रहन्छ। ती परिवर्तनलाई व्यवहारमा उर्तान एवं जनतालाई अनुभूत गराउन ठूलो श्रोतको आवश्यकता पर्दछ। त्यस्तै भूकम्प पछिको पुन:निर्माण चर्चामा मात्र रहेको छ त्यसलाई पनि कार्यरुपमा उतार्नुपर्ने आवश्यकता रहेको छ। देशले विकासको स्तरोन्नतीका लागि सन् २०२२ र सन् २०३० का समय सीमा तय गरेको छ । यी यावत कार्यहरुको लागि आवश्यक श्रोत व्यवस्थापनमा आन्तरिक राजस्व विभागको महत्वपूर्ण जिम्मेवारी रहेको छ। तर परिस्थिति अनूकुल देखिंदैन। संविधान जारी संगसंगै देखिएका असहज परिस्थितिले अर्थतन्त्रमा नराम्रो असर परेको छ । त्यसैले आगामी दिनमा आन्तरिक राजस्व विभागले हालसम्म प्राप्त सुधारका उपलब्धीलाई प्रस्थान बिन्दुको रुपमा लिएर करदातामैत्री कर प्रशासन संचालन गर्ने, करको अन्तर कम गर्ने, करदाताको कर सहभागिता लागत घटाउने, लगानीमैत्री कर प्रशासनको स्थापना गर्ने दिशामा अझ बढी क्रियाशील हुँदै सुधारका गतिविधिलाई अभियानको रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।

सुधार चाडपर्वजस्तो कुनै एक दिन होइन, एउटा राष्ट्रिय अभियानका रुपमा बर्ष भरिनै आउनुपर्छ र छाउनुपर्छ । सुधारका एजेण्डालाई वास्तविक कार्य रुपमा उतारी सुदृढ कर प्रणालीको सपना साकार पार्न विभागको एक्लो प्रयास मात्रै पर्याप्त छैन । यसका लागि सम्बद्ध सबै पक्षको सक्रिय सहयोग र सकारात्मक मनोभाव अनिवार्य रहन्छ। यसो हुन सके राजस्व परिचालन फराकिलो, दिगो हुन गई सुदृढ बित्त प्रणालीको माध्यमबाट समुन्नत, समृद्ध र आत्म निभएर अर्थतन्त्र तर्फको हाम्रो गन्तव्य अवश्य पूरा हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

# कर दिवसको अवसरमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

काठमाडौं । चौथो राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व विभाग अन्तर्गत काठमाडौंस्थित १९ वटा कार्यालयबाट २० वटा समूहबीच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा करदाता सेवा कार्यालय चावहिल प्रथम, आन्तरिक राजस्व कार्यालय ललितपुर दोस्रो, करदाता सेवा कार्यालय नयाँ वानेश्वर तेस्रो र करदाता सेवा कार्यालय त्रिपुरेश्वर चौथो भएका छन् ।

विभागमा आयोजित अन्तिम चरणको कार्यक्रममा मन्तव्य राख्नु हुँदै महानिर्देशक श्री चुडामणि शर्माले सबै सहभागीले विजय हासिल गर्नु भएको बताउनुहुँदै आगामी दिनमा अझै प्रतिस्पर्धी भएर, मेहनत गर्नुहुनेछ भन्ने अपेक्षा रहेको बताउनुभयो। उहाँले कर



हाजिरी जवाफ प्रतियोगितामा सहभागी कर्मचारीहरु

दिवसको सन्दर्भमा पहिलो पटक यस्तो हाजिरी जवाफ कार्यक्रमको आयोजना गरिएको बताउनुहुँदै सहभागी सबैलाई बधाई दिनुभयो। महानिर्देशक श्री शर्माले सहभागी कर्मचारीलाई प्रतिस्पर्धी क्षमता अझै अभिवृद्धि गर्नुहोस् भन्नुहुँदै यति छोटो समयमा तारतम्य मिलाउनु भएकोमा आयोजकलाई धन्यवाद दिनुभयो । उहाँले अत्यन्त सान्दर्भिक तरिकाले प्रश्नको लेभल, सान्दर्भिकता मिलेकोमा हार्दिक आभार समेत व्यक्त गर्नुभयो । कर्मचारीको उत्तरबाट कर प्रशासनको सक्षमता देखिएको समेत बताउनुभयो ।

आन्तरिक राजस्व विभागमा आयोजित प्रतियोगितामा मूल्य अभिवृद्धि कर, आयकर र अन्तशुल्क ऐन, नियम, निर्देशिका लगायत समसामयिक विषयहरुमा प्रश्नहरु सोधिएको थियो । प्रतियोगितामा विजयी टोलीलाई चौथो राष्ट्रिय कर दिवस (२०७२, मंसिर १) को अवसरमा आयोजित कार्यक्रममा नगद तथा प्रमाण पत्रबाट सम्मान गरिने भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री किशोरजंग कार्की, सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादव, काठमाडौं क्षेत्र नं. १ का प्रमुख कर प्रशासक श्री चन्द्रकला पौडेल, काठमाडौं क्षेत्र नं. २ का प्रमुख कर प्रशासक श्री अर्जुनप्रसाद पोखरेल लगायत विभागका निर्देशक र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

१ पेजको बांकी...

कर दिवस समारोहमा आमन्त्रण गर्नुपर्ने विशिष्ट महानुभावहरुको नामावली तयार गरी आमन्त्रण गर्ने, राष्ट्रिय कर दिवस समारोह सफलताका साथ सम्पन्न गर्न आवश्यक कार्यक्रम स्थल, सो को सजावट, व्यानर, मञ्च व्यवस्थापन गर्ने, कार्यक्रम संचालन, सहभागीहरुलाई जलपानको व्यवस्थापन गर्ने त्यसैगरी कर्मचारी छनौट उप समितिले राष्ट्रिय कर दिवसका अवसरमा पुरस्कृत गर्नुपर्ने उत्कृष्ट कर्मचारीहरु छनौट गरी सिफारिश गर्न जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसैगरी निवन्ध प्रतियोगिता व्यवस्थापन उपसमितिलाई राष्ट्रिय कर दिवसका अवसरमा निवन्ध प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने, त्यस्तै स्मारिका प्रकाशन व्यवस्थापन उप समितिले राष्ट्रिय कर दिवसका अवसरमा स्मारिका प्रकाशनको आवश्यक व्यवस्था मिलाउने, त्यस्तै हाजिरी जावफ प्रतियोगिता व्यवस्थापन उप समितिले राष्ट्रिय कर दिवसका अवसरमा कर, राजस्व तथा आर्थिक विषयसंग सम्वन्धित हाजिरी जवाफ प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने, त्यस्तै कविता प्रतियोगिता व्यवस्थापन उप समितिले राष्ट्रिय कर दिवसका अवसरमा कर, राजस्व तथा आर्थिक विषयसंग सम्बन्धित कविता प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने जिम्मेवारी प्रदान गरिएको छ ।

आन्तरिक राजस्व कार्यालयहरु तथा काठमाण्डौं उपत्यका भित्रका करदाता सेवा कार्यालयहरुले राष्ट्रिय कर दिवसका दिन पुरस्कृत गर्नका लागि आफ्नो कार्य क्षेत्रभित्रका तीन जना करदाता छनौट गरी विभागमा सिफारिश गरी पठाउन पनि विभागबाट निर्देशन भएको छ । करदाता छनौट गर्दा एक भन्दा बढी जिल्ला कार्यक्षेत्र भएमा प्रत्येक जिल्लाको लागि थप एक/एक जना करदाता पर्ने गरी छनौट गर्ने गरी कार्यालयलाई लेखी पठाउ भनिएको छ ।

राष्ट्रियस्तरमा पुरस्कृत हुने करदाताहरुको छनौट विभाग र ठूला करदाता कार्यालयको समन्वयमा गर्ने समेत निर्णय भएको छ । राष्ट्रिय कर दिवसका अवसरमा पुरस्कृत/सम्मानित गरिने करदाता छनौटका आधारहरुमा आर्थिक वर्ष २०७०।०७१ को आय विवरण बमोजिम घोषणा गरिएको कारोवार रकम, करयोग्य आय, कर दाखिला विवरणको आधारमा सम्बन्धित समूह र क्षेत्रका करदाताहरु मध्ये सवै भन्दा बढी आयकर दाखिला गर्ने करदाता जसमा दर्ता भएदेखि आर्थिक वर्ष २०७०।०७१ सम्मको आय विवरण बुझाएको, मूल्य अभिवृद्धि कर वा स्वास्थ्य सेवा कर प्रयोजनको लागि दर्ता भएको करदाता भए दर्ता भएदेखि हालसम्मको कर विवरण वा स्वास्थ्य सेवा कर विवरण बुझाएको, शिक्षा सेवा शुल्क बुझाउनु पर्ने निकाय भए शिक्षा सेवा शुल्क विवरण बुझाएको हुनु पर्ने, आयकर, मूल्य अभिबृद्धि कर, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर तथा आन्तरिक राजस्व विभागले प्रशासन गर्ने अन्य कुनै करमध्ये हालसम्म कुनै कर बक्यौता नभएको हुनुपर्ने बताइएको छ । झुट्टा कर बिजक वा कर छली छानबिन प्रकरणमा नपरेको, बैंक तथा बित्तीय संस्थाहरुबाट ऋण लिई लामो समयदेखि नतिरेको भनी कर्जा सूचना केन्द्र लि.ले कालो सूचीमा राखेका व्यक्ति वा निकायबाहेक अन्य व्यक्ति तथा संस्था हुनु पर्ने आधार विभागले तय गरेको छ ।

हरेक वर्ष जस्तै यस वर्ष पनि प्रत्येक कार्यालयले एक जना राजपत्रांकित अधिकृत र एक जना रा.प. अनंकित कर्मचारी गरी दुई जना कर्मचारीहरुलाई पुरस्कृत गर्ने भएको छ। जसका लागि कार्यसम्पादन राम्रो रहेको, तोकिएको जिम्मेवारी प्रशंसनीय रुपमा निर्वाह गरेको, निजामति सेवा ऐन तथा नियमावली बमोजिम कुनै विभागीय सजायं नपाएको, निजामति कर्मचारीले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुराहरु उल्लंघन नगरेको, कर प्रशासनमा कमसेकम पांच वर्ष निरन्तर सेवा गरेको लगायतका विषयलाई आधार बनाइएको छ ।

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा मंसिर १ गते आन्तरिक राजस्व विभाग, अन्तर्गतका काठमाडौं उपत्यका भित्रका कार्यालयका सवै कर्मचारीहरु र निजी क्षेत्रका सम्पूर्ण वस्तुगत संघ महासंघका सहभागीहरु विहान ८ बजे आन्तरिक राजस्व विभागको प्रागणमा जम्मा भई चौथो राष्ट्रिय कर दिवस समारोह सफल पारौं भन्ने व्यानर र कर जागरण सम्बन्धी प्लेकार्ड सहित प्रभातफेरि गर्दै मूल समारोह स्थल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान कमलादी प्रस्थान गर्ने कार्यक्रम तय भएको छ ।

चौथो राष्ट्रिय कर दिवस, २०७२ को अवसर मा कर सहभागिता एवं राजस्व संकलनमा उल्लेखनीय योगदान पुऱ्याउने करदाता एवं राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुलाई मूल समारोहको कार्यक्रममा सम्मान तथा पुरस्कृत गरिनेछ । चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा मंसिर ७ गते अन्तर्क्रिया कार्यक्रम गर्ने, ५ जिल्लामा कम्तिमा कर सम्बन्धी तालिम संचालन गर्ने, राष्ट्रिय व्यापार संघको समन्वयमा मंसिर २ गते विहान ११ बजे नयाँ बजार, फसिकेब चोकमा रक्तदान कार्यक्रमको समेत आयोजना गरिने भएको छ । त्यसैगरी निर्माण सामग्री व्यापार संघको समन्वयमा मंसिर ५ गते विहान ८.३० बजे चावहिल चोकमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ भने मंसिर ५ गते दिउसो १ बजे करदाता सेवा कार्यालय चावहिलसंग समन्वय गरी कर प्रशिक्षण कार्यक्रम हुने भएको छ ।

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा कराराको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

# आन्तरिक राजस्व विभाग : एक झलक

**१. परिचय:**

आर्थिक र सामाजिक रुपान्तरणको लागि आन्तरिक स्रोतको परिचालन गरी देशलाई आत्म निर्भरतर्फ उन्मुख बनाउनका लागि महत्वपूर्ण मानिन्छ । आन्तरिक स्रोत परिचालनको लागि आन्तरिक राजस्व विभागले विभिन्न नीति, कार्यनीति तथा व्यवस्थापकीय विधिको माध्यमबाट कार्य सम्पादन गर्दै आएको छ । आन्तरिक राजस्व विभागले आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा करको प्रशासन गर्दछ। कर प्रणालीलाई विकासमैत्री, लगानीमैत्री र समसामयिक बनाउनको लागि नीतिगत, व्यवस्थापकीय र प्रकृयागत सुधार गर्दै आएको छ । एकिकृत कर प्रणाली अवलम्वन गर्ने नीति अनुरुप साविकको कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई एकिकृत गरी २०५८ साल बैशाख १ गते आन्तरिक राजस्व विभागको स्थापना भएको हो ।

**२. विभागले कार्यान्वयन गर्ने ऐन तथा नियमहरु :**

- आयकर ऐन २०५८ र नियमावली २०५९
- मूल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५३
- अन्त:शुल्क ऐन २०५८ र नियमावली २०५९
- मदिरा ऐन २०३१ र नियमावली २०३३
- सालवसाली आर्थिक ऐनहरु (शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर तथा अन्य करसम्वन्धी)

**३ विभागले प्रशासन गर्ने करहरु :**

- आयकर (घरवहाल कर, व्याज कर समेत)
- मूल्य अभिवृद्धि कर
- अन्त:शुल्क
- शिक्षा सेवा शुल्क
- स्वास्थ्य सेवा कर

**४. सोच (Vision) :**

- आन्तरिक राजस्व परिचालन, व्यावसायिक सेवा, नवीन सोच र आर्थिक वृद्धिका लागि सबल संगठनको निर्माण गर्ने ।

**५. गन्तव्य (Mission)**

- स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवाको प्रत्याभूति गर्ने र स्वच्छतापूर्वक कानूनको कार्यान्वयन गर्ने ।

**६. समग्र उद्देश्य (Overal Objectives ):**

- सक्षम र प्रभावकारी कर प्रणालीको प्रवर्द्धन गर्ने ।

**७. विकासात्मक उद्देश्यहरु (Developmental Objectives ) :**

- नीतिगत सुधार र कर कानूनको परिपालनामा अभिवृद्धि गर्ने ।
- करदाता शिक्षा र शिक्षाको विस्तार गर्ने ।
- आधुनिक प्रविधिको आधिकारिक मात्रामा उपयोग गर्ने ।
- सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने ।

**८. कार्यदिश (Mandate) :**

- कर प्रशासन
- राजस्व परिचालन
- कर नीति, करदाता सेवा र शिक्षा
- अनुसन्धान र विकास
- सूचना प्रविधि व्यवस्थापन
- स्रोतसाधन व्यवस्थापन

**९. मूल्य मान्यताहरु (Values)**

- समतापूर्ण व्यवहार
- करदाताको सम्मान
- सदाचारिता र प्रतिवद्धता
- सहकार्य
- नवीन सोचका साथ काम गर्ने

**१०. आन्तरिक राजस्व विभागको सांगठनिक संरचना र कर्मचारी व्यवस्था :**

**आन्तरिक राजस्व विभागमा निम्न अनुसारका ४ वटा महाशाखाहरु रहेका छन् :**

1. **प्रशासन तथा नीति विश्लेषण महाशाखा**
2. **कार्यसञ्चालन महाशाखा**
3. **अन्त:शुल्क महाशाखा**
4. **सूचना प्रविधि व्यवस्थापन महाशाखा**

संचालन महाशाखा अन्तर्गत निम्न अनुसार ६ शाखाहरु रहेका छन् ।

- करदाता सेवा शाखा
- कर संकलन शाखा
- कर परीक्षण व्यवस्थापन शाखा
- अनुसन्धान तथा विकास शाखा
- बेरुजु शाखा
- कर फिर्ता शाखा

नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा अन्तर्गत निम्न अनुसार ९ शाखाहरु रहेका छन् ।

- नीति विश्लेषण शाखा
- मूल्यांकन अनुगमन शाखा
- अन्तर्राष्ट्रिय कर शाखा
- प्रशासकीय पुनरावलोकन शाखा
- कर परीक्षण पुनरावलोकन शाखा
- योजना तथा मानव संशाधन शाखा
- कानून शाखा
- सामान्य प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा

अन्त:शुल्क महाशाखा अन्तर्गत निम्न अनुसार २ शाखाहरु रहेका छन् ।

- अन्त:शुल्क नीति विश्लेषण शाखा
- अन्त:शुल्क व्यवस्थापन शाखा

सूचना प्रविधि व्यवस्थापन महाशाखा अन्तर्गत निम्न अनुसार २ शाखाहरु रहेका छन् ।

- व्यवस्थापन सूचना प्रणाली शाखा
- सूचना संचार प्रविधि शाखा

आन्तरिक राजस्व विभाग अन्तर्गत रहेका कार्यालयहरु :

| | |
|---|---|
| - ठूला करदाता कार्यालय | १ |
| - आन्तरिक राजस्व कार्यालयहरु | २२ |
| - करदाता सेवा कार्यालयहरु (उपत्यकाभित्र) | १३ |
| - करदाता सेवा कार्यालयहरु (उपत्यका वाहिर) | १३ |
| **जम्मा :** | ४९ |

**११. कर्मचारी संख्या:**

विभाग र सो अन्तर्गत् जम्मा ९८९ कर्मचारीको दरवन्दी भएकोमा रा.प.प्रथम ९ , रा.प. द्वितीय ८१, रा.प.तृतीय ४७२ र रा.प. अनंकित ३३२ कर्मचारीहरुको दरवन्दी रहेको छ। सोमध्ये आन्तरिक राजस्व विभागमा निम्न अनुसार कर्मचारी दरवन्दी रहेको छ ।

| | |
|---|---|
| - महानिर्देशक | १ |
| - उपमहानिर्देशक | ४ |
| - निर्देशकं | २२ |
| - शाखा अधिकृत /अन्य अधिकृत | ४७ |
| राजपत्र अनंकित कर्मचारीहरु | १३ |
| **जम्मा :** | ८७ |

**१२. आ.व. २०७२।७३ को लक्ष्य तथा प्रगति**

१२.१ आ.व २०७२।७३ को वार्षिक

लक्ष्य तथा प्रगति

| | |
|---|---|
| आयकर | ९७६७०९३७ |
| बहाल कर | ३२०९५८० |
| ब्याज कर | ८१९४२२६ |
| आयकर जम्मा | १०९०७४७४३ |
| मू.अ.कर | ४८१८०१४२ |
| अन्त:शुल्क | ३५९४५७९२ |
| शिक्षा सेवा शुल्क | ६४६८४८ |
| स्वास्थ्य सेवा कर | ८२८७७४ |
| कुल जम्मा | १९४६७६२९९ |

### १२.२ आ.व. २०७२/०७३ असोजसम्मको राजस्व लक्ष्य तथा प्रगति:

- २०७२ असोजसम्मको लक्ष्य : रु ३३ अर्ब ६५ लाख १६ हजार
- २०७२ असोजसम्मको प्रगति : रु ३० अर्ब ०७ करोड ८४ लाख २४ हजार
- प्रगति प्रतिशत : ९१ प्रतिशत

| राजस्व शीर्षक | लक्ष्य | असुली | प्रगति %० |
|---|---|---|---|
| आयकर | १०.२४२ | ९.९९२ | ९८ |
| बहाल कर | ०.६२४ | ०.७२३ | ११६ |
| ब्याज कर | २.०१० | १.६९७ | ८४ |
| जम्मा आयकर | १२.८७६ | १२.४१३ | ९६ |
| मू.अ.कर (आन्तरिक) | ११.६६० | ११.८५७ | १०२ |
| अन्त:शुल्क (आन्तरिक) | ८.०७२ | ५.४८९ | ६८ |
| शिक्षा सेवा शुल्क | ०.१५१ | ०.१३० | ८६ |
| स्वास्थ्य सेवा कर | ०.२४४ | ०.१८६ | ७६ |
| कुल जम्मा | ३३.००६ | ३०.०७८ | ९१ |

### १३. करदाताहरुको संख्या:

आ.व. २०७२।७३ असोज महिना सम्ममा

व्यवसायिक स्था.ले.नं. : ७८६३४०
व्यक्तिगत स्था.ले.नं. : ५४२२१६
जम्मा : १३२८५५६
मू.अ.कर मा दर्ता : १५७४८३
अन्त:शुल्कमा दर्ता : ३९२१२

### १४. विभाग तथा अन्तर्गत कार्यालयहरुले नियमित रुपमा गर्ने कार्यहरु

**क) वार्षिक लक्ष्य अनुसार राजस्व असुली गर्ने**

- आयकर (घरवहाल कर, ब्याज कर )
- मूल्य अभिवृद्धि कर
- अन्त:शुल्क
- शिक्षा सेवा शुल्क
- स्वास्थ्य सेवा कर

**ख) करको दायरा विस्तार गर्ने**

- स्था.ले.नं जारी गर्ने
- मूल्य अभिवृद्धि करमा दर्ता गर्ने
- अन्त:शुल्कमा दर्ता गर्ने

**ग) कर सहभागिता वृद्धि गर्ने**

- आय विवरण प्राप्त गर्ने
- मूल्य अभिवृद्धि कर विवरण प्राप्त गर्ने
- अग्रिम कर कट्टी विवरण तथा रकम प्राप्त गर्ने

घ) आय विवरणको लेखाजोखा गर्ने
ङ) करदाताको अभिलेख अद्यावधिक गर्ने
च) करदाता शिक्षा संचालन गर्ने
छ) वक्यौता असुली तथा अभिलेख अद्यावधिक गर्ने
ज) वेरुजु फछ्यौंट तथा व्यवस्थापन गर्ने
ञ) कर परीक्षण गर्ने

**आयकर (घरवहाल कर, ब्याज कर )**

- मूल्य अभिवृद्धि कर
- अन्त:शुल्क
- शिक्षा सेवा शुल्क
- स्वास्थ्य सेवा कर

६) अनुसन्धान गर्ने
  - कर चुहावट सम्वन्धमा


७) कर फिर्ता गर्ने
८) बजार अनुगमन गर्ने
९) अवैध मदिरा नियन्त्रण गर्ने


### १५. आ.व. २०७२/०७३ मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरु


- दैवी प्रकोपबाट विभागको Data को सुरक्षाको लागि भैरहवामा Disaster Recovery Center संचालनमा ल्याइएको छ।
- Website लाई अद्यावधिक गरी मिति २०७२।०४।११ देखि नया Website संचालन गरिएको छ।
- व्यवस्थापन गोष्ठी यहि २०७२ श्रावण २८ र २९ गते सम्पन्न भै सकेको छ।
- कर्मचारी सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन कर्मचारी सूचना व्यवस्थापन प्रणाली (HRIS) मा Data Entry कार्य प्रारम्भ भइसकेको छ।
- ठूला करदाता कार्यालय लगायत अन्य विभिन्न कार्यालयहरुको अनुगमनको कार्य सम्पन्न भइसकेको छ।
- उपत्यका वाहिरका विभिन्न १२ जिल्लामा RMIS लागू गर्ने नेपाल सरकारको निर्णय अनुसार २०७२ श्रावण महिनामा झापा,मोरङ, सुनसरी, धनुषा, बारा, पर्सा, मकवानपुर, चितवन, रुपन्देही, बांके, कास्की गरी ११ जिल्लामा कार्यसम्पन्न भईसकेको।


- GIZ को सहयोगमा ICAN, FNCCI सँग Piloting को रुपमा ५ जिल्लामा १० जनालाई ToT तालिम दिने कार्य सम्पन्न भएको ।
- पूँजीगत लाभकर र आकस्मिक लाभकर निर्देशिका तयार गरिएको ।

**१६. राजस्व असुलीको विगत तीन वर्षको अवस्थाः** हेर्नुहोस् ग्राफमा




**१७. आ.व. २०७२।७३ मा गरिने मुख्य मुख्य कार्यहरु :**

- **कर प्रणाली सुधारः** - वार्षिक चालिस लाखभन्दा बढी आय भएको व्यक्तिले अनिवार्य रुपमा आय विवरण पेश गर्ने व्यवस्थाका लागि वेभमा आधारित आय विवरण फारम तयार गरी कार्यान्वयन गरिने छ ।
- **करको दायरा विस्तार गर्ने** : आर्थिक कारोवार गर्ने प्रत्येक करदातालाई करको दायरामा ल्याई स्था.ले.नं, मू.अ.कर र अन्तःशुल्क समेत दर्ता गरेर करको दायरा विस्तार गरिने छ ।
- **मालपोत कार्यालयहरुमा पूजीगत लाभकरको अनुगमनलाई प्रभावकारी बनाउने** : घर जग्गा विक्री वापत प्राप्त हुने पूँजीगत लाभकरको सम्वन्धमा मालपोत कार्यालयमा दाखिला हुने करको भेरिफिकेशन तथा अनुगमन कार्य लाई प्रभावकारी बनाइने छ ।
- **सूचना प्रविधिको प्रयोगः** करदाताहरुको वक्यौता, आय विवरण बुझाउने सम्बन्धी सन्देश रकम, Non Filer, बक्यौता, कर तथा किस्ता रकम दाखिला सम्बन्धी जानकारी, आय विवरणको म्याद थप सम्बन्धी कार्य, र कर चुक्ता सम्बन्धी कार्यसमेत विद्युतीय प्रणालीबाट हेर्न सक्ने व्यवस्था लागू गरिने
- **करदाता शिक्षा र सूचना प्रवाहलाई प्रभावकारी बनाई स्वेच्छिक कर सहभागितामा वृद्धि ल्याउनेः** विभागबाट करदाता शिक्षालाई व्यापक बनाउँदै सूचना प्रविधिकोसमेत जानकारी हुने गरी करदाता शिक्षा तथा सूचनासम्वन्धी जानकारीलाई व्यापकरुपमा संचालन गरिने छ ।
- **करदाताको अभिलेखलाई अद्यावधिक गरिने** (KYT) : करदाताको अभिलेखलाई अद्यावधिक बनाई कर प्रशासनको सहज सूचना पहुँच तथा जानकारीको लागि करदाताको विवरणलाई अद्यावधिक गर्ने कार्य संचालन गरिने छ ।
- Non Filer **घटाउने कार्यलाई प्रभावकारी बनाउनेः** विभिन्न कार्ययोजना बनाई हाल रहेको Non-filer को प्रतिशतलाई विभागीय लक्ष्य अनुरुप सीमित गर्ने कार्यलाई प्रभावकारी बनाइने छ ।
- **विषयगत निर्देशिकाहरु निर्माण तथा परिमार्जन गर्ने कार्य सम्पन्न गरिनेः** दीर्घकालीन करारसम्बन्धी निर्देशिका जारी गर्ने र मू.अ.कर निर्देशिका, अन्तःशुल्क निर्देशिका, आन्तरिक ओसारपसार निर्देशिका तथा अन्य कर निर्देशिकालाई अद्यावधिक गरिने छ ।
- **संगठनात्मक सुधार गरिनेः** हाल भइरहेको संगठनात्मक सुधार गर्न आवश्यकता देखिएकोले संगठनात्मक अध्ययनको लागि O & M को अध्ययन भईरहेको र प्रतिबेदन प्राप्त भए पछि

पुन मूल्यांकन गरी मन्त्रालयमा प्रस्तुत गरिने छ।

- **अन्तशुल्क सुदृढीकरण:** अन्त:शुल्कतर्फ Automation को प्रयोगलाई विस्तार गर्दै लैजाने र अन्त:शुल्क स्टीकर व्यवस्थापन तथा क्षेत्रगत जोखिमको विश्लेषण गरी अनुगमनलाई प्रभावकारी बनाउने।
- **बक्यौता व्यवस्थापन:** आर्थिक ऐन २०७२ मा व्यवस्था भए अनुसार २० हजार सम्मको लगती वक्यौतालाई मिन्हा गरिने र अन्य वक्यौता असुली तथा कानूनी कारवाहीलाई प्रभावकारी बनाई बक्यौता असुलउपर गरिने छ।
- **कर प्रशासनको क्षमतामा अभिवृद्धि गर्ने:** कर प्रशासनलाई सक्षम र क्षमतावान तथा व्यबसायिक बनाउनको लागि विदेश तथा स्वदेशमा आवश्यकतामा आधारित तालिममा सहभागी गराई संचालन गरी क्षमता अभिवृद्धि गरिने छ ।

### १८. चालु आ.व.को आर्थिक ऐनमा गरिएका विशेष व्यवस्थाहरु :

- चिकित्सक, कलाकार, पत्राकार, इन्जिनियर आदि लगायत सार्वजनिक पद धारण गरेको पदाधिकारी तथा प्राकृतिक व्यक्तिले आ.व. २०६८/६९, २०६९/७० र २०७०/७१ को आय विवरण र सोमा लाग्ने कर २०७२ पौष मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा व्याज मिन्हा हुने व्यवस्था गरेको छ।
- भूकम्पबाट पूर्णरुपमा ध्वस्त भई राहत प्राप्त गरेको र जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएका साना करदातले त्यस्तो प्रमाणसहित आय विवरण पेश गरेमा निजको आयकर र घर वहाल कर मिन्हा हुने व्यवस्था गरेको छ।
- २०६८ साल आषाढ मसान्तसम्म असुल हुन नसकेको कर मध्ये २० हजार रुपैया सम्मको वक्यौता र सोमा लागेको व्याज मिन्हा हुने व्यवस्था छ।
- इजाजत तथा नवीकरण नगरेका ऋसर उद्योगले २०७२ साल आश्विन मसान्तसम्ममा इजाजत लिई कारोवार गरेमा इजाजत दस्तुर, विलम्व दस्तुर, जरिवाना र व्याज मिन्हा हुने व्यवस्था छ।
- आर्थिक ऐन २०७२ मा उल्लेख गरिएको प्रवधान पूरा गरी आएका साना जलविद्युत आयोजनाले २०७२ पौष मसान्त भित्र मूल्य अभिवृद्धि कर फिर्ता माग गरेमा नियमानुसार फिर्ता दिने प्रावधान रहेको छ

### १९. आन्तरिक राजस्व विभागको समस्या तथा चुनौती:

- सांगठनिक संरचना (संक्रमण तथा संकुचन)
- स्रोत र जनशक्तिको समस्या (सूचना तथा प्रबिधि)
- स्रोत अपर्याप्तता (सवारी साधन र जनशक्ति)
- न्तशुल्क व्यबस्थापन र जनशक्ति (अपर्याप्त कर्मचारी)
- दक्ष जनशक्तिको विकास (तालिम, अध्ययन)

## निवन्ध प्रतियोगिता सम्पन्न

काठमाडौं। आन्तरिक राजस्व विभागद्वारा चौथो राष्ट्रिय कर दिवस २०७२ को अवसरमा 'राष्ट्र निर्माणमा करको महत्व र करदाताको भूमिका' विषयमा निवन्ध प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा के.एम.सी. स्कुल, बुद्धनगरका छात्र रमन अर्याल प्रथम, एल.ए.स्कुल, हात्तीवन ललितपुरका छात्र कीर्ति महर्जन द्वितीय, ज्ञानेदय उच्च माद्यामिक विद्यालय कालिमाटीका छात्रा शुभेच्छा डल्लाकोटी तृतीय र फ्लोरोसेन्ट उच्च माद्यामिक विद्यालय गोंगबुका छात्र प्रतिक कँडेलले सान्त्वना





निवन्ध प्रतियोगितामा सहभागी विद्यार्थीहरुलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा (माथि) र निवन्ध प्रतियोगितामा सहभागी विद्यार्थीहरु (तल)

पुरस्कार प्राप्त गर्नु भएको छ। उच्च माद्यामिक विद्यालय स्तरीय 'समय सीमावद्ध निवन्ध लेखन प्रतियोगिता' मा काठमाडौं उपत्यका भित्रका विद्यालय वा कलेजबाट ३० जना विद्यार्थी सहभागी थिए। जसमा कक्षा ९ देखि १२ सम्मका १ जना छात्र र एक जना छात्रा गरी बढीमा २ जना सम्मको सहभागीताका लागि आव्हान गरिएको थियो। एक हजार शव्द सम्ममा नबढाइ लेखन गरिएको विन्धन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई मंसिर १ गते आयोजना हुने राष्ट्रिय कर दिवसको विशेष समारोहमा पुरस्कार वितरण गरिने छ।

## कविता प्रतियोगिता सम्पन्न

काठमाडौं। चौथो राष्ट्रिय कर दिवस २०७२ को पूर्वसन्ध्यामा आन्तरिक राजस्व विभागमा खुल्ला कविता वाचन प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा काठमाडौं फरेस्ट्री कलेजका छात्र सन्देश लामिछाने प्रथम, कुमारी बहुमुखी क्याम्पसका छात्रा विनु गोले द्वितीय, आदर्श आजाद उच्च माद्यामिक विद्यालयका छात्रा दीपा थापा मगर तृतीय र कुमारी बहुमुखी क्याम्पसका छात्रा गीता श्रेष्ठले






सान्त्वना पुरस्कार प्राप्त गर्नु भएको छ। उपत्यका भित्रका उच्च माद्यामिक तह तथा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुबीच कविता प्रतियोगिता सम्पन्न भएको छ। विभिन्न विद्यालय र कलेजहरुबाट आएका विद्यार्थीहरुले कर सम्बन्धी कविता बाचन गर्नु भएको थियो। सर्वोत्कृष्ट कवितालाई मंसिर १ गते आयोजित विशेष कार्यक्रममा पुरस्कृत गरिने भएको छ।

# करदाता सेवा कार्यालय, नयाँसडक





## परिचय

काठमाडौं उपत्यकामा बढ्दो आर्थिक गतिविधिको प्रभावकारी प्रशासन गरी करको दायरालाई फराकिलो पार्ने नेपाल सरकारको परिकल्पनाअनुसार २०६८ मा उपत्यकाका १३ वटा करदाता सेवा कार्यालय स्थापना गरिएको हो । जसमध्ये करदाता सेवा कार्यालय नयाँसडक पनि एक हो । आर्थिक क्रियाकलापमा भएको वृद्धिले करदाता संख्यामा भएको बढोत्तरी र कारोवारको विस्तारलाई दृष्टिगत गरी करदातालाई नजिकबाट सेवा प्रदान गर्ने लक्ष्यलाई मूर्तता दिन काठमाडौं महानगरपालिकाका वडा नम्बर १९, २२, २३, २४ र २५ कार्यक्षेत्र रहने गरी यस कार्यालयको स्थापना गरिएको हो । यसको कार्यालय काठमाडौं महानगरपालिकाको वडा नं. २२, खिचापोखरीस्थित महालक्ष्मी कम्प्लेक्सको पाँचौ तलामा रहेको छ । यस कार्यालयको २०७२ असोज महिनासम्मको तथ्यांकलाई आधार मान्दा यस कार्यालयले कूल १९,५५८ करदाताको प्रशासन गर्दछ । यस मध्ये व्यावसायिक करदाता ४५५७ व्यक्तिगत रुपमा व्यवसायमा संलग्न करदाता, पारिश्रामिक, घर बहाल जस्ता कर दाखिला गर्नुपर्ने दायित्व भएका करदाता १६२२५ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता संख्या ६७१५ र अन्तः शुल्कजन्य वस्तुको कारोवार गर्ने करदाता संख्या ४४ रहेका छन् ।

## कार्यप्रवाह तालिका

कर प्रशासनको प्रभावकारिता अभिवृद्धि गरी करदाताई प्रभावकारी सेवा प्रवाह गर्न आन्तरिक राजस्व विभागको कार्यालय संरचना बमोजिम यस कार्यालयमा करदाता सेवा शाखा, संकलन शाखा र कर परिक्षण तथा अनुसन्धान शाखा रहेका छन् । साथै, प्रशासनिक कार्य सम्पदान गर्ने प्रशासन र लेखा शाखा समेत रहेको छ। कार्यालयको कार्यप्रवाह तालिका देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।




## बजेट तथा कार्यक्रम

चालु आर्थिक वर्षमा यस कार्यालयको लागि चालु ब.हि.नं ३०५०२१३ तर्फ रु. १ करोड ६८ लाख ९१ हजार र पूँजीगत ब.उ.शि.नं. ३०५०२१४ तर्फ रु. २ लाख बजेट विनियोजन भएको छ । सो विनियोजित बजेट मध्ये असाज महिनासम्म चालुतर्फ रु. ६५ लाख ८७ हजार ९ सय ५९ रुपैयाँ २५ पैसा खर्च भएको छ । यसै विनियोजित बजेटको अधिनमा रहेको यस सेवा कार्यालयले विभिन्न गतिविधि एवं कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**अभिलेख व्यवस्थापन**

यस कार्यालयका करदाताहरुको अभिलेखलाई व्यवस्थित र वैज्ञानिक रुपमा कम्प्युटर प्रणालीमा प्रविष्टि गरी लोकेशनमा चुस्त, दुरुस्त र पारदर्शी तरिकाबाट व्यवस्थित गरी राखिएको छ । त्यसै गरी कार्यात्मक लक्ष्य अनुसार सम्पादन गरिएका कार्यहरुको अभिलेख पनि व्यवस्थित गरी राखिएको छ ।

**लक्ष्य र प्रगति**

राजस्व संकलनको लक्ष्य असुलीतर्फ विश्लेषण गर्दा यस कार्यालयको आर्थिक वर्ष २०७२/७३ का लागि राजस्व संकलनको वार्षिक लक्ष्य रु. ८४ करोड ७८ लाख १५ हजार तोकिएको छ । जसमध्ये असोज महिनासम्मको लक्ष्य रु. २७ करोड ४६ लाख ८७ हजार रहेकोमा असोज मसान्तसम्म रु. १८ करोड ७२ लाख १४ हजार संकलन हुन सकेको छ । देशको विषम परिस्थितिले राजस्व संलकनमा प्रत्यक्ष प्रभाव पारेको कारण राजस्व संकलन लक्ष्यभन्दा कम हुन गएको हो । यस कार्यालयको पछिल्लो तीन वर्षको राजस्व संकलनको लक्ष्य र प्रगति देहायबमोजिम रहेको छ ।

रु. हजारमा

| आ.व. | २०६९।०७० | २०७०।०७१ | २०७१।०७२ |
|---|---|---|---|
| लक्ष्य | ९७१५८९ | १०४७४३८ | ७२०६९७ |
| संकलन | ९७२१८१ | ११२२२५१ | ७९६२८८ |
| प्रतिशत | १००।०६ प्रतिशत | ११६।६८ प्रतिशत | ११०.४९ प्रतिशत |

### सम्पादन गरिएका मुख्य कार्यहरु

- कर कानूनबमोजिम कार्यालयले प्रवाह गर्नुपर्ने सेवा र प्रक्रियागत कार्यहरु सम्पादन तदारुकताका साथ गर्ने गरिएको,
- करदाताको सुविधा र सेवा प्रवाहको प्रभावकारिताको लागि हेल्प डेस्कको व्यवस्था रहेको,
- नागरिक बडापत्रको व्यवस्था गरिएको,
- करदातालाई कार्यालयबाटै विवरण पेश गर्न सहज तुल्याउन छुट्टै कम्प्यूटरको व्यवस्था गरिएको,
- कार्यालय हातामै एभरेष्ट बैंकको काउन्टर कार्यालय रहेको ।
- कर सहभागिता अभिवृद्धि गरी करसम्बन्धी जानकारी अभिवृद्धि गर्न करदाताले रोजेको र खोजेको स्थानमा करदाता शिक्षा सञ्चालन गर्ने गरिएको,
- शत प्रतिशत करदाताको विद्युतीय माध्यमबाट विवरण लिने गरिएको, आदि ।

### कार्यालयको कार्य सञ्चालनका समस्याहरु

- कार्यालयको आफ्नै भवन नहुँदा स्थायी रुपमा संरचना निर्माण, कार्यस्थल र अभिलेख व्यवस्थित गर्ने जस्ता कार्यहरु चुनौतिपूर्ण रहेको,
- करमा दर्ता हुने र कर बक्यौता सिर्जनापश्चात व्यवसाय छोडी सम्पर्कमा नरहेका करदातासँग सम्पर्क गरी वक्यौता असुली गर्न तथा कानूनी कारबाही गर्ने कार्यमा कठिनाई हुने गरेको,
- करदाता सम्पर्कविहीन भएकै कारण कर कानून पालनाको स्तर अभिवृद्धि गर्न र नन्फाईलरको संख्या घटाउन कठिन हुँदै गएको,
- कार्यालय स्थापनाभन्दा अघिका करदाताको अभिलेख अद्यावधिक गर्न नसक्दा बक्यौता संकलन पेचिलो बनेको,
- करदातामा कर कानून र इ-सिष्टम सम्बन्धमा न्यून जानकारी रहेकोले कर कानूनको परिपालना कमजोर हुन गएको, आदि ।

### समस्या समाधानका लागि गरिएका प्रयास

- कार्यालयको भवन निर्माणका लागि विभागमा अनुरोध गरिएको,
- पुराना करदाताको अभिलेख अद्यावधिक गर्ने कार्य गरिएको,
- करदातासँगको भौगोलिक दुरी कम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन पहलकदमी लिइएको,
- स्थानीय पेशागत संघ संगठनसँग समन्वय गरी कर कानून पालना अभिवृद्धि गर्न पहल गरिएको,
- करदाताको अनुगमन र प्रशासनलाई प्रभावकारी तुल्याउने कार्यहरु भएको,
- कर बक्यौता घटाउन कानूनी कारवाही गरिएको,
- विभिन्न व्यवसायी संघहरुको समन्वयमा करदाताले चाहेकै स्थान र समयमा करदाता शिक्षा कार्यक्रम संचालन गरी कर सम्बन्धी जानकारी प्रदान गरिएको, आदि ।

### आगामी दिनमा गर्नुपर्ने सुधार

- मन्त्रालय र विभागबाट प्राप्त कार्य योजना बमोजिम राजस्व संकलनको संभाव्यता विश्लेषण गरी राजस्व संकलनलाई प्रभावकारी बनाउने,
- बक्यौता संकलनमा थप जोड दिई अटेर गर्ने करदातालाई कानूनी कारवाही गरेर बक्यौता संकलन गर्नुपर्ने,
- बेरुजु न्यूनीकरणमा जोड दिनुपर्ने,
- बजार अनुगमनलाई प्रभावकारी तुल्याउने, आदि ।

### अन्य निकायसँगको अपेक्षा

#### क.विभागसँग:

- करदाता सेवा कार्यालयलाई सेवा प्रवाहको आधारको रुपमा विकास गर्न अनुभवी र नयाँ कर्मचारीको संयोजन हुने गरी सरुवा तथा पदस्थापन गर्ने व्यवस्था मिलाउनुपर्ने,
- कार्यालयको भवन निर्माणको लागि आवश्यक व्यवस्था गरिदिनुपर्ने,
- आवश्यकतानुसार कार्यस्थलमै तालिम दिने व्यवस्था हुनुपर्ने,

#### ख. करदातासँग

- समयमा आफ्नो वास्तविक कारोवारको घोषणा गर्ने र कर तिर्ने कर कानूनको पूर्ण रुपमा पालना गर्ने,
- करदाता शिक्षाको आवश्यकता भएमा माग गरी करदाता शिक्षाबाट कर सहभागिता बृद्धि गर्ने ।

#### ग. स्थानीय प्रशासन, उद्योग वाणिज्य संघ, पेशागत संघसँग

- कर कानूनको पालना नगर्ने, कर सहभागिता नजनाउने उपर हुने कानूनी कारवाहीमा सहयोग गर्ने,
- दर्ता हुने, कर तिर्ने लगायतका कार्यमा सहयोग गर्ने,
- आवश्यक परेमा सुरक्षाको प्रत्याभूति दिने ।

## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# करदाता सेवा कार्यालय, पुतलीसडक




## परिचयः

'करदाता मैत्री कर प्रशासन हाम्रो अभियान' भन्ने नारालाई आत्मसाथ गर्दै करदातालाई नजिकबाट सेवा प्रवाह गर्ने तथा करको दायरा विस्तार गरी कर सहभागितामा वढोत्तरी ल्याउने सरकारको नीति अनुरुप वि.स. २०६८ असार १० गते करदाता सेवा कार्यालय पुतलिसडकको स्थापना भई संचालनमा आएको हो ।

यस करदाता सेवा कार्यालय पुतलीसडक, का.म.न.पा. वडा नं. ३१ पुतलीसडक मेनरोडमा गुठी संस्थानको भवनको (नेपाल शेयर मार्केट) तेस्रो तलामा रहेको छ। यसको कार्य क्षेत्र का.म.न.पा. को वडा नं. १, ३१ र ३२ रहेको छ। २०७२ असोज महिनासम्मको तथ्यांक अनुसार यस कार्यालयले कूल ४६६४९ जना करदाताहरुको प्रशासन गर्दछ। ति मध्ये व्यवसायिक करदाता २००३९ (आयकरमा मात्र), व्यक्तिगत (घरवहाल, पारिश्रमिक जस्ता आय आर्जन गर्ने) करदाता १८६९३ , मूल्य अभिवृद्धि करमा दर्ता ७४००, अन्तःशुल्क तर्फ ५१५ जना दर्ता रहेका छन् ।

## कार्यप्रवाह तालिकाः

करदातालाई छिटो छरिता एवं सहज ढंगबाट दैनिक सेवा प्रवाह, तथा आन्तरिक राजस्व विभागवाट निर्दिष्ट लक्ष्य हासिल गर्न तथा अन्य नियमित कार्यहरुलाई प्रभावकारी बनाउन कार्यलयबाट सम्पादन गरिने कार्यलाई करदाता सेवा शाखा, करपरीक्षण तथा अनुसन्धान शाखा र संकलन शाखामा विभाजन गरी पूर्ण Functional रुपमा तत् शाखामा कार्यरत प्रत्येक अधिकृत तथा कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकि सोही बमोजिम कार्य संचालन तथा सेवा प्रवाह गरिदै आएको छ। सेवा प्रवाहलाई करदाता मैत्री, प्रभावकारी बनाउन Counter सहितको पार्टेशन डेक्सको Layout तयार गरिएको छ।

## दरवन्दी तथा पद पूर्तिको अवस्थाः


कार्यालयको दरवन्दी तथा पद पूर्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पद | स्वीकृत दरबंदी | | | सेवा | समूह | श्रेणी |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | पुर्ति | रिक्त | | | |
| १ | प्रमुख कर अधिकृत | १ | १ | ० | नेपाल प्रशासन | राजस्व | रा.प.द्वि |
| २ | कर अधिकृत | ८ | ८ | ० | नेपाल प्रशासन | राजस्व | रा.प.तृ. |
| ३ | शाखा अधिकृत | १ | १ | ० | नेपाल प्रशासन | सामान्य प्रशासन | रा.प.तृ. |
| ४ | कम्प्यूटर अधिकृत | १ | १ | ० | नेपाल बिबिध | बिबिध | रा.प.तृ. |
| ५ | लेखापाल | १ | १ | ० | नेपाल प्रशासन | लेखा | रा.प.अनं.प्र. |
| ६ | ना.सु. | ७ | ४ | ३ | नेपाल प्रशासन | राजस्व | रा.प.अनं.प्र. |

## वार्षिक बजेट तथा कार्यक्रमः

चालु आर्थिक वर्षमा यस कार्यालयको लागि चालु व.उ.सि.नं. ३०५०२१३ तर्फ रु २ करोड १७ लाख ७३ हजार विनियोज भएको छ। गत आर्थिक वर्ष २०७१/७२ को उक्त व.उ.शि.नं. मा रु. २ करोड ४३ लाख ४७ हजार विनियोजन भई आएकोमा रु. १ करोड ९३ लाख २२ हजार ५ सय ८१ खर्च भई ८० प्रतिशत उपलब्धी हासिल भएको थियो। त्यसै गरी चालु आर्थिक वर्षमा पूँजिगत व.उ.शि.नं. ३०५०२१४ तर्फ रु. १० लाख विनियोजन भएको छ। गत आर्थिक वर्ष २०७१/७२ को उक्त व.उ.शि.नं. मा रु. २१ लाख ७५ हजार विनियोजन भई आएकोमा रु. १५ लाख ९१ हजार ८ सय ७१ खर्च भई ७४ प्रतिशत उपलब्धी हासिल भएको थियो। विनियोजन बजेटको प्रावधान अनुसार यस कार्यालयले विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ।

## कार्यालयको कार्यप्रवाह तालिका




## अभिलेख व्यवस्थापनः

आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १ बाट यस कार्यालयमा सरेका फाइलहरुको व्यवस्थापन गर्ने कार्य भइरहेको छ। फाइल शाखालाई व्यवस्थित गर्न PAN अनुसार Computer मा करदाताको File Location निर्माण गरी सोही अनुसार फाईल शाखामा सम्वन्धित Location मा अभिलेख राख्ने गरिएको छ। फाईलिङ कार्यलाई व्यवस्थित गर्न कर्मचारी तोकि जिम्मेवार बनाईएको छ।

### विगत ३ आर्थिक वर्षको राजस्व संकलनको प्रवृति

| आय | २०६९।०७० | २०७०।०७१ | २०७१।०७२ |
|---|---|---|---|
| लक्ष्य | ३७११६२० | ३९१९९४३ | २९४८५४३ |
| संकलन | ३७१९१८० | ४०४०१०९ | ३०४५७१४ |
| प्रतिशत प्रगति | १०० | १०३ | १०३ |

### सम्पन्न भएका मुख्य कार्यहरु:

- ❖ नागरिक वडापत्रको व्यवस्था गरिएको ।
- ❖ Help Desk को व्यवस्था गरिएको ।
- ❖ करदाताको सुविधाको लागि Computer सहितको करदाता डेक्सको व्यवस्था गरिएको ।
- ❖ करदाता शिक्षा कार्यक्रमलाई नियमितरुपमा संचालनका साथै विश्वविद्यालय, क्याम्पस, पेशागत संघसंस्था, कानून व्यवसायी आदिसंग सहकार्य गर्ने गरिएको ।
- ❖ अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि Computer Software को व्यवस्था गरिएको ।
- ❖ Non-filer कम गर्नका लागि नियमित रुपमा करदातालाई सम्पर्क गर्ने गरिएको । Non Filer को अनुगमन गर्न कर्मचारी तोकि छुट्टै रुपमा जिम्मेवार बनाइएको ।

### कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरु:

कार्यालयको कार्यसम्पादनलाई व्यवस्थित, छिटो छरितो बनाउने क्रममा विविध समस्याहरु देखिने गरेका छन् । कार्यालयको आफ्नै भवन नहुनु, करदातालाई e-system सम्बन्धी पूर्ण जानकारी नहुनु, करदाताको सम्पर्क नं. नियमितरुपमा Update नहुनु आदि प्रमुख समस्याका रुपमा देखिएता पनि समग्रमा कार्यसम्पादनका क्रममा आईपरेका समस्याहरु देहाय अनुसार रहेका छन:

#### क) करको दायरा बिस्तार

- ▪ बहाल आयको घोषणा नगर्ने र गरेपनि न्यून घोषणा ।
- ▪ ऐन कानूनको जानकारीको कमी ।
- ▪ छलफल एवं अन्तरक्रियामा करदाताको न्यून सहभागिता ।
- ▪ कारोवारको सही घोषणा नगर्ने ।
- ▪ करप्रशासन संग डराउने प्रवृति ।
- ▪ दर्ता नभएका करदातालाई e-TDS को दायरामा समेटन नसकिएको ।
- ▪ पेशाकर्मीहरुलाई (डाक्टर, कानुन व्यवसायी, ईन्जिनियर, परामर्शकर्ता, आदिलाई) करको दायरामा समेटन नसकिएको ।

#### ख) कर कानूनको परिपालना:

- ▪ करदाताहरुमा कर कानूनको जानकारीको कमी । (कर पाटी, खाता प्रमाणित, बिजक सम्वन्धी जानकारी )
- ▪ कर अवधिको समाप्ति र सो अनुरुपको कर रकमको जानकारीको कमी ।
- ▪ स्वच्छ व्यवसायिक आचरण प्रदर्शन गर्न नसक्नु ।
- ▪ मौजुदा कर कानूनको अनिवार्य ज्ञान दिलाउने कार्यक्रमहरुको कमी ।

#### ग) कर सहभागिता अभिवृद्धि:

- ▪ करदाता शिक्षा कार्यक्रम तथा कर सम्बन्धी कानून र व्यवस्थाको कार्यान्वयनमा प्रशासनिक Enforcement को कमी ।
- ▪ कर शिविर, कर टोली तथा घुम्ती टोली अपेक्षाकृत रुपमा परिचालन नहुनु ।

#### ३) कर वक्यौता असुली :

- ▪ वक्यौता राख्ने करदाताको व्यवसायिक सूचनाको अभावमा करदातामा पहुंचको कठिनाई ।
- ▪ ऐन कानूनको पालना नगर्ने प्रवृत्तिमा बृद्धि ।
- ▪ अन्तर सरकारी कार्यालयबीच समन्वयको कमी । (कारोवार रोक्का, बैंक खाता रोक्का, सम्पति रोक्का, आयात निर्यात रोक्का, सम्पति लिलाम तथा जफत जस्ता कानूनी कारवाही गर्दा सरकारी निकाय, सुरक्षा निकाय, संचार जगत, बैंक तथा वित्तीय संस्था सबैको सहयोगी भूमिका हुनुपर्ने ।)

### समस्या सममाधानका लागि सहकार्यको आवश्यकता:

- ▪ करको दायरा विस्तारमा
- ▪ कर कानुनको परिपालनामा
- ▪ कर सहभागिता अभिवृद्धिमा
- ▪ कर बक्यौता असुलीमा

### सहकार्यबाट प्राप्त हुने उपलब्धी:

- ▪ करको दायरामा विस्तार हुने ।
- ▪ कर कानूनको परिपालना भै करदाता र करप्रशासन बीच सुमधुर सम्वन्धको स्थापना हुने ।
- ▪ कर सहभागितामा अभिबृद्धि हुने ।
- ▪ कर वक्यौता असुलीमा बृद्धि भै समग्र राजस्व असुलीमा बृद्धि आउने ।
- ▪ करसंकलन लागत र करसहभागिता लागतमा कमी आउने ।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं

## १ पेजको बांकी...

रु. ११ अर्व ८५ करोड ७९ लाख ३५ हजार र अन्त:शुल्क तर्फ रु. ५ अर्व ४८ करोड ९६ लाख १८ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९६ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०२ प्रतिशत र अन्तशुल्क तर्फ ८३ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. १३ करोड ९ लाख ३१ हजार र रु. १८ करोड ६६ लाख ५६ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८६ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७६ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर ११९ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२६ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ८३ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ११२ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १२१ प्रतिशत रहेको छ । ९ वटा कार्यालयको लक्ष्य बमोजिम प्रगति भएको छ भने २७ वटा कार्यालयको लक्ष्य बमोजिम प्रगति हुन सकेको छैन ।

असोजसम्ममा जम्मा रु १ अर्व ७ करोड २१ लाख ८३ हजार बक्यौता असुली भएको छ । यसमध्ये मूल्य अभिवृद्धि कर रु ५५ करोड ६१ लाख २४ हजार तथा आयकर रु ५१ करोड ६० लाख ५९ हजार रहेको छ । गत आर्थिक वर्षमा सोही अवधिमा बक्यौता असुली जम्मा रु ८३ करोड ५९ लाख ३६ हजार भएको थियो । सो मध्ये मूल्य अभिवृद्धि कर वक्यौता असुली जम्मा रु ६९ करोड ६९ लाख ३८ हजार तथा आयकर वक्यौता असुली जम्मा रु १३ करोड ८९ लाख ९८ हजार रहेको थियो । राजस्व असुली श्रावण महिनामा लक्ष्यको १०३ प्रतिशत र विगत वर्षको तुलनामा १२८ प्रतिशत बढी भएकोमा आश्विन मसान्तसम्म जम्मा ९२.५९ प्रतिशत असुल भई लक्ष्य भन्दा २ अर्व ४४ करोड ७२ लाख कम असुली भएको छ । राजस्व असुलीमा मुख्य गरी दैनिकरुपमा असुली हुने अन्त:शुल्कको असुली लक्ष्यको तुलनामा कम रहेको छ । आन्तरिक राजस्व कार्यालय विरगञ्ज तोडफोड भएको र २ वटा सवारी साधन जलाइएको साथै करदाता सेवा शाखाको सामाग्री समेत नष्ट गरिएको र हालसम्म पनि उक्त कार्यालय संचालनमा आउन सकेको छैन । तराइका कार्यालयहरु मध्ये

### बक्यौता असुली


Arrear Collection in Cash (upto 2072 Ashoj)



| | VAT (000) | Income Taxes (000) | Total (000) |
|---|---|---|---|
| 2070 | 652318 | 570644 | 1222962 |
| 2071 | 696938 | 138998 | 835936 |
| 2072 | 556124 | 516059 | 1072183 |

### बक्यौता समायोजन

Arrear Adjustment (upto 2072 Ashoj)



| | VAT (000) | Income Taxes (000) | Total (000) |
|---|---|---|---|
| 2070 | 727568 | 494694 | 1222262 |
| 2071 | 182327 | 633352 | 815679 |
| 2072 | 471460 | 945747 | 1417207 |

आन्तरिक राजस्व कार्यालयहरु जनकपुर, लहान, विरगञ्ज र कृष्णनगर पूर्णरुपमा संचालनमा आउन नसकेका कारण लक्ष्य बमोजिम प्रगति हुन सकेको छैन ।

चालु वर्ष २०७२/७३ मा गरिने मुख्य मुख्य कार्यहरुमा वार्षिक चालिस लाखभन्दा बढी आय भएको व्यक्तिले अनिवार्य रुपमा आय विवरण पेश गर्ने व्यवस्थाका लागि वेभमा आधारित आय विवरण फारम तयार गरी कार्यान्वयन गरिने, त्यसैगरी आर्थिक कारोवार गर्ने प्रत्येक करदातालाई करको दायरामा ल्याई स्था.ले.नं, मू.अ.कर र अन्त:शुल्क समेत दर्ता गरेर करको दायरा विस्तार गरिने, घर जग्गा विक्री वापत प्राप्त हुने पूजीगत लाभकरको सम्वन्धमा मालपोत कार्यालयमा दाखिला हुने करको भेरिफिकेशन तथा अनुगमन कार्य लाई प्रभावकारी बनाइने विभागले जनाएको छ । करदाताहरुको वक्यौता, आय विवरण बुझाउने सम्बन्धी सन्देश रकम, Non Filer, बक्यौता, कर तथा किस्ता रकम दाखिला सम्बन्धी जानकारी, आय विवरणको म्याद थप सम्बन्धी कार्य, र कर चुक्ता सम्बन्धी कार्यसमेत विद्युतीय प्रणालीबाट हेर्न सक्ने व्यवस्था लागू गरिने, विभागबाट करदाता शिक्षालाई व्यापक बनाउदै सूचना प्रविधिकोसमेत जानकारी हुने गरी करदाता शिक्षा तथा सूचनासम्वन्धी जानकारीलाई व्यापकरुपमा संचालन गरिने समेत जनाएको छ । हाल भइरहेको संगठनात्मक सुधार गर्न आवश्यकता देखिएकोले संगठनात्मक अध्ययनको लागि इ ७ : को अध्ययन भईरहेको र प्रतिवेदन प्राप्त भए पछि पुन: मूल्यांकन गरी मन्त्रालयमा प्रस्तुत गरिने जनाएको छ । कर दाताको अभिलेखलाई अद्यावधिक बनाई कर प्रशासनको सहज सूचना पहाुच तथा जानकारीको लागि कर दाताको विवरणलाई अद्यावधिक गर्ने कार्य संचालन गरिने तथा विभिन्न कार्ययोजना बनाई हाल रहेको Non-filer को प्रतिशतलाई विभागीय लक्ष्य अनुरुप सीमित गर्ने कार्यलाई प्रभावकारी बनाइने तथा पूजीगत लाभकर, आकस्मिक लाभकर, दीर्घकालीन करारसम्बन्धी निर्देशिका जारी गर्ने र मू.अ.कर निर्देशिका, अन्त:शुल्क निर्देशिका, आन्तरिक ओसारपसार निर्देशिका तथा अन्य कर निर्देशिकालाई अद्यावधिक गरिने तथा कर प्रशासनलाई सक्षम र क्षमतावान तथा व्यवसायिक बनाउनको लागि विदेश तथा स्वदेशमा आवश्यकतामा आधारित तालिममा सहभागि गराई तथा संचालन गरी क्षमता अभिवृद्धि गरिने रहेको छ ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको
# कर विवरण तथा कर दाखिला गर्ने म्याद थप गरिएको सम्बन्धी सूचना

करदाताहरुले सहज रुपमा कर बुझाउन सक्ने अवस्था नरहेकोले कर विवरण बुझाउने म्याद तपसील बमोजिम थप गरिएको व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

<table>
<tr><td>आय वर्ष २०७१/०७२ को आय विवरण र सो अनुसारको आयकर बुझाउने, मूल्य अभिवृद्धि कर र अन्त:शुल्कतर्फ २०७२ श्रावण र भाद्रको विवरण तथा सो बमोजिमको कर बुझाउने, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करतर्फ २०७१/७२ को तेस्रो चौमासिक विवरण र सो अनुसारको कर बुझाउने, २०७२ श्रावण र भाद्रको अग्रिम कर कट्टीको कर विवरण र सो अनुसारको कर बुझाउने र कर छुट प्राप्त संस्थाले बुझाउनु पर्ने आय वर्ष २०७१/७२ को वित्तीय विवरण तथा लाग्ने कर बुझाउने म्याद मिति २०७२/६/२१ को निर्णयानुसार मिति २०७२/७/२५ सम्म म्याद थप भई विवरण तथा कर बुझाउन बाँकी रहेका सवै करदाताको हकमा कर विवरण तथा सो अनुसारको कर बुझाउन बाँकी रहेका सवै करदाताको हकमा कर विवरण तथा सो अनुसारको कर बुझाउने म्याद</td><td rowspan="2">२०७२ साल मंसिर २५ गतेसम्म</td></tr>
<tr><td>मिति २०७२/७/२५ सम्ममा बुझाउनु पर्ने असोजको मूल्य अभिवृद्धि कर तथा अन्त:शुल्कको विवरण तथा सो बमोजिमको कर बुझाउने म्याद</td></tr>
</table>

संरक्षक
चुडामणि शर्मा

सल्लाहकार
राममणि दुवाडी    किशोरजंग कार्की
लक्ष्मीप्रसाद यादव

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संयोजन
दीपक अधिकारी

सम्पादन समूह
सम्झना बराल    अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी    प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले